**म.प.बै.सं. ४२।०८२**

## संवत् २०८२ साल पुस ३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. गृह मन्त्रालयः प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी गर्न सम्माननीय राष्ट्रपति समक्ष सिफारिस गर्ने।

२. गृह मन्त्रालयः नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२ असोज ५ गतेको निर्णयानुसार भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएको भौतिक एवं मानवीय क्षतिको यथार्थ छानविन गरी प्रतिवेदन पेश गर्न गठित जाँचबुझ आयोग, २०८२ को म्याद एक महिना थप गर्ने।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः मुग्लिङ-पोखरा सडकअन्तर्गत मुग्लिङदेखि आँबुखैरेनीसम्म हालको राजमार्गको समानान्तर मुग्लिङ बजारको पारिपट्टि त्रिशुली किनार (गोरखातर्फ) देखि मर्स्याङदी नदीको बायाँ किनार हुँदै मर्स्याङ्दी विद्युत गृहको पारिपट्टिसम्मको थप सडकको केन्द्र रेखाबाट दुवैतर्फ दायाँबायाँ १५/१५ मीटर गरी ३० मीटर सडकको सीमा (Right of Way) स्वीकृत गर्ने।

४. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः विभिन्न बाल सुधार गृहमा रहि सुधार अवधि ब्यतित गर्न बाँकी रहेका १८ बर्ष माथिका बालकहरूलाई राख्ने गरी नुवाकोट जिल्लाको विदुर नगरपालिका स्थित केन्द्रीय कारागारको खाली रहेको ब्लकमा बाल सुधार गृह सञ्चालन गर्न स्वीकृति दिने।

५. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी प्रकाश राज थापालाई सोही सेवाको उपरथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका साठीजना सहसचिवहरूको सरुवा गर्ने।

**म.प.बै.सं. ४३।०८२**

## संवत् २०८२ साल पुस ११ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. अर्थ मन्त्रालयः Digital Nepal Transformation Project का लागि विश्व बैङ्कबाट प्राप्त हुने प्रस्तावित ५० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्न वार्ता टोली गठन गर्ने।

२. अर्थ मन्त्रालयः सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (पहिलो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

३. अर्थ मन्त्रालयः थाइल्याण्डको बैंककमा आयोजना हुने Anti-Money Laundering/Combating the Financing of Terrorism (AML/CFT) सम्बन्धी Face to Face बैठकमा २०८२ पुस २० देखि २३ गतेसम्म सहभागी हुने नेपाल राष्ट्र बैङ्कका गभर्नर डा. विश्वनाथ पौडेल नेतृत्वको १५ सदस्यीय नेपाली प्रतिनिधिमण्डल गठन गर्ने।

४. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः प्रत्येक वर्षको पुस १५ गतेलाई राष्ट्रिय च्याउ दिवसको रूपमा मनाउने।

५. गृह मन्त्रालयः नेपालमा भिसा नियमित नगरी बसोबास गर्दै आएका एघार जना श्रीलंकन र चार जना इरानी विदेशी नागरिकहरूले प्रचलित कानूनअनुसार नेपालबाट प्रस्थान हुने मितिसम्म बुझाउनुपर्ने विलम्ब शुल्क र जरिवाना वापतको सबै दस्तुर मिनाहा गरी नेपालबाट प्रस्थान गराउने।

६. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः मानव बेचबिखन विरूद्धको राष्ट्रिय नीति, २०८२ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने।

७. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका चारजना प्रमुख सेनानीहरूलाई महासेनानी दर्जामा बढुवा गर्ने।

८. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका चारजना सहायक रथीहरूको सरुवा गर्ने।

९. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी भुवन खत्रीलाई सोही सेवाको उपरथी दर्जामा बढुवा गर्ने।

१०. रक्षा मन्त्रालयः २०८२ माघ १ गते भारतको जयपुरमा आयोजना हुने Army Day Parade-2026 मा सहभागी हुन उपरथी श्री प्रेम बहादुर पुनलाई स्वीकृति दिने।

११. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक हवाई सेवा, पाइलट समूहका सहायक रथी राम सुन्दर बोहरालाई सोही सेवाको उपरथी दर्जामा बढुवा गर्ने।

१२. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक इन्जिनियरिङ समूह, सिभिल तथा आर्किटेक्चर उपसमूहका सहायक रथी धर्मेन्द्र कुमार झालाई सोही सेवा, समूह, उपसमूहको उपरथी दर्जामा बढुवा गर्ने।

१३. वन तथा वातावरण मन्त्रालयः वन (तेस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१४. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः वैदेशिक रोजगारीको सिलसिलामा इराक गई त्यहाँको आधिकारिक भिसा प्राप्त गरेका नेपाली नागरिकहरूले नेपाल आएका बखत उक्त Residency Card को सक्कल र फोटोकपिसहित आवेदन पेस गरेको खण्डमा श्रम स्वीकृति दिन स्वीकृति प्रदान गर्ने।

१५. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः नेपाली प्राविधिक अभ्यासार्थी जापान पठाउने निर्देशिका (JITCO), २०६६ खारेज गर्ने।

१६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशको प्रमुख सचिव पदमा नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री कमल प्रसाद भट्टराईलाई कायम मुकायम मुकरर गर्ने।

१७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः नेपाल र भारतबिच हस्ताक्षर हुने स्वास्थ्य र औषधिको क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः गृह मन्त्रालयअन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

१९. गृह मन्त्रालयः नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

२०. नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२ असोज ५ को निर्णयबमोजिम संवत् २०८२ साल भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन (Loss and Damange Assessment) गर्न र सार्वजनिक संरचनाको पुनःनिर्माण योजना (Reconstruction Plan) तयार गर्न राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गठित समितिले पेश गरेको प्रतिवेदन कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाउने।

२१. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरू डा. कृष्णहरि पुष्करलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट उपराष्ट्रपतिको कार्यालयमा, श्री किरणराज शर्मालाई लोक सेवा आयोगबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा, श्री राजकुमार श्रेष्ठलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गृह मन्त्रालयमा, श्री रामेश्वर दङ्गाललाई गृह मन्त्रालयबाट लोक सेवा आयोगमा, डा. दिपक काफ्लेलाई राष्ट्रपतिको कार्यालयबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा, डा. हरिप्रसाद लम्सालला‍ई युवा तथा खेलकुद मन्त्रालयबाट राष्ट्रपतिको कार्यालयमा र श्री लोकनाथ पौड्याललाई उपराष्ट्रपतिको कार्यालयबाट युवा तथा खेलकुद मन्त्रालयमा सरुवा गर्ने।

२२. महालेखापरीक्षकको कार्यालयका उपमहालेखापरीक्षक श्री ईन्द्र प्रसाद आचार्यले उमेर हदको कारणबाट २०८२ पुस ९ देखि अनिवार्य अवकाश प्राप्त गर्नुभएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

**म.प.बै.सं. ४४।०८२**

**संवत् २०८२ साल पुस २१ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः थाइल्याण्डमा आयोजना हुने Governance & Anti-Corruption: The Methods and Tools Behind an Effective Corruption-Eradication Strategy विषयक तालिम कार्यक्रमको समापन सत्रमा २०८२ माघ ८ देखि १३ गतेसम्म सहभागी हुन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त डा. हरि पौडेललाई स्वीकृति दिने।

२. अर्थ मन्त्रालयः राज्यकोषबाट लगानी भएका प्रतिष्ठान, वोर्ड, समिति तथा सार्वजनिक संस्थानलगायत निकायका पदाधिकारीको पारिश्रमिक तथा सेवा सुविधामा एकरुपता कायम गर्नेसम्बन्धी सुझाव कार्यदलबाट पेश भएको कार्यदलको प्रतिवेदन कार्यान्वयनको लागि अर्थ मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः २०८२ पुस २९ देखि ३० गतेसम्म बंगलादेशको ढाकामा आयोजना हुने नेपाल-बंगलादेश वाणिज्य सचिवस्तर (CSLM) को आठौं बैठकमा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री रामप्रसाद घिमिरेको संयोजकत्वमा वार्ता टोली गठन गर्ने।

४. गृह मन्त्रालयः नेपाल प्रहरीको संगठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत गर्ने।

५. गृह मन्त्रालयः अनुसन्धान निर्देशक ओमबहादुर खड्कालाई राष्ट्रिय अनुसन्धान विभागको अतिरिक्त मुख्य अनुसन्धान निर्देशक पदमा बढुवा नियुक्ति गर्ने।

६. परराष्ट्र मन्त्रालयः नेपाल सरकारको तर्फबाट ऐक्यबद्धता स्वरूप IOM Resilience Fund मा दश हजार अमेरिकी डलर आर्थिक सहयोग नेपालको स्थायी नियोग जेनेभामार्फत उपलब्ध गराउने।

७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः समस्याग्रस्त सहकारी संस्था वा संघको व्यवस्थापन समितिका सदस्य श्री महेश प्रसाद काफ्लेको राजीनामा स्वीकृति गर्ने तथा उक्त सदस्य पदमा श्री कुल प्रसाद न्यौपाने, काठमाडौंलाई मनोनयन गर्ने।

८. युवा तथा खेलकुद मन्त्रालयः २०८२ माघ ३ मा संयुक्त राज्य अमेरिकामा आयोजना हुने Role of NRNA Youth in the Development of Nepal Post Gen Z Revolution सम्बन्धी कार्यक्रममा सहभागी हुन युवा तथा खेलकुद मन्त्री माननीय बब्लु गुप्तालाई स्वीकृति प्रदान गर्ने।

९. युवा तथा खेलकुद मन्त्रालयः राष्ट्रिय युवा परिषद्को उपाध्यक्ष नियुक्तिका लागि सिफारिस गर्न युवा तथा खेलकुद मन्त्रालयका सचिव श्री लोकनाथ पौड्यालको अध्यक्षतामा तीन सदस्यीय समिति गठन गर्ने।

१०. रक्षा मन्त्रालयः United Nations Interim Security Force for Abyei (UNISFA) मिसन, अबेईमा Force Commander (FC) को पदमा कार्यरत रहन नेपाली सेनाका रथी गणेश कुमार श्रेष्ठलाई स्वीकृति प्रदान गर्ने।

११. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका दुईजना महासेनानीलाई सहायक रथी दर्जामा बढुवा गर्ने।

१२. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका चारजना प्रमुख सेनानीहरूलाई महासेनानी दर्जामा बढुवा गर्ने।

१३. वन तथा वातावरण मन्त्रालयः तामाकोशी पाँचौं जलविद्युत आयोजना निर्माणका लागि राष्ट्रिय वनक्षेत्र प्रयोग गर्न स्वीकृति दिने विषय प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१४. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः २०८२ माघ १२ र १३ मा साउदी अरेबियाको रियादमा आयोजना हुने Global Labor Market Conference (GLMC) मा सहभागी हुन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, माननीय राजेन्द्रसिंह भण्डारीलाई स्वीकृति प्रदान गर्ने।

१५. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः २०८२ पुस १८ गतेका दिन चन्द्रगढी विमानस्थल, झापामा दुर्घटनाग्रस्त भएको बुद्ध एयरको 9N-AMF वायुयान दुर्घटनाको जाँचबुझ गरी प्रतिवेदन पेस गर्न अनुसन्धानकर्ताको रूपमा बरिष्ठ क्याप्टेन श्री बिनोद पुरीमार्फत अनुसन्धान कार्य गराउने।

१६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को अनुसूची-४ संशोधन गर्ने।

१७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः महालेखापरीक्षकको कार्यालय र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

१८. शहरी विकास मन्त्रालयः भौतिक पूर्वाधार पुनर्निर्माण समिति (गठन) आदेश, २०८२ को दफा ८ बमोजिमको कोषमा जम्मा भएको रकममध्ये उक्त गठन आदेशको दफा ३ अनुसारको समितिको सिफारिसबमोजिम एघार करोड नब्बे लाख अट्ठाइस हजार रुपियाँ जेनजी शहीद परिवारको लागि कल्याणकारी कार्यक्रम सञ्चालन गर्न जेनजी शहीद परिवार कल्याणकारी समाजलाई राहतस्वरूप अनुदान उपलब्ध गराउने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

१९. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः नेपाल सरकार र इजरायल सरकारबिच हस्ताक्षर हुने Agreement Between The Government of Nepal and the Government of State of Israel on the Temporary Employment of Nepali workers in Specific Sectors in State of Israel विषयक सम्झौता तथा सम्बन्धीत प्रोटोकलहरू स्वीकृत गर्ने।

२०. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः नेपाल सरकार र ओमान सरकारबिच हस्ताक्षर हुने Memorandum of Understanding (MoU) in the field of Labour and Manpower Exchange between the Government of Nepal represented by the Ministry of Labour, Employment and Social Security and the Government of the Sultanate of Oman represented by the Ministry of Labour विषयक समझदारीपत्र स्वीकृत गर्ने।

२१. वन तथा वातावरण मन्त्रालयः Emergent Forest Finance Accelerator, Inc. र नेपाल सरकारबिच हस्ताक्षर हुने Emission Reduction Purchase Agreement (ERPA) स्वीकृत गर्ने।

२२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने सम्बन्धी आदेश, २०८२ स्वीकृत गर्ने।

२३. वन तथा वातावरण मन्त्रालयः वन (तेस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

२४. नेपाल लेखापरीक्षण सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा राजपत्राङ्कित प्रथम श्रेणीका नायब महालेखापरीक्षक श्री घनश्याम पराजुलीलाई बढुवा गरी महालेखापरीक्षकको कार्यालयको उपमहालेखापरीक्षक पदमा पदस्थापन गर्ने।

२५. महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता श्री सूर्यराज दाहालले उमेर हदको कारणबाट २०८२ पुस २३ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

२६. नेपाल सरकार, मन्त्रिपरिषद्का समितिहरू पुनर्गठन गर्ने।

**म.प.बै.सं. ४५।०८२**

**संवत् २०८२ साल पुस २८ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD) लाई सदस्य राष्ट्रको हैसियतले नेपालले बुझाउनुपर्ने सन् २०२४ को वार्षिक योगदान रकम दुई लाख त्रियासी हजार पाँच सय तीन अमेरिकी डलर योगदान (Annual Core Contribution) रकम भुक्तानी गर्न स्वीकृति प्रदान गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सोह्रौं योजना कार्यान्वयन कार्ययोजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सम्माननीय प्रधानमन्त्रीज्यूको प्रेस सल्लाहकारमा श्री रामबहादुर रावल, बाजुरालाई नियुक्ति गर्ने।

४. अर्थ मन्त्रालयः मेक्सिकोमा २०८२ माघ २६ देखि फागुन १ गतेसम्म आयोजना हुने FATF Plenary तथा Working Group बैठकमा अर्थ मन्त्रालयका सचिव (राजस्व) भूपाल बरालला‌ई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः २०८२ माघ ६ र ७ गते चीनको सिजाङ्ग (ल्हासा) मा आयोजना हुने Nepal-China Coordination Mechanism on Border Trade and Cooperation को तेस्रो बैठकमा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डललाई स्वीकृति दिने र उल्लिखित बैठकको वार्ता तथा छलफलको कार्यसूची स्वीकृत गर्ने।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल न्याय सेवा, कानून समूह, राजपत्राङ्कित प्रथम श्रेणीका सात जना अधिकृतहरूको सरुवा गर्ने।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल न्याय सेवा, कानून समूहका पाँच तथा न्याय समूहका तीन जना राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतहरूलाई सम्बन्धित सेवा, समूहमा राजपत्राङ्कित प्रथम श्रेणीका पदमा बढुवा नियुक्ति गर्ने।

८. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः २०८२ माघ २६ देखि २८ गतेसम्म इटलीको रोममा आयोजना हुने 49th Session of the Governing Council of the International Fund for Agricultural Development (IFAD) मा सहभागी हुन कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय डा. मदन प्रसाद परियारलाई स्वीकृति प्रदान गर्ने।

९. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः लुम्बिनी प्रदेश, कृषि सेवा, कृषि प्रसार समूह, अधिकृतस्तर एघारौं तहका प्रदेश सचिव (प्राविधिक) श्री याम नारायण देवकोटाको राजीनामा मिति २०८२ मङ्सिर १ गतेदेखि लागु हुने गरी स्वीकृत गर्ने।

१०. गृह मन्त्रालयः म्यानमारमा भइरहेको तेस्रो चरणको चुनावमा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षकको रूपमा २०८२ माघ ९ देखि १२ गतेसम्म सहभागी हुन माननीय निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधारलाई स्वीकृति प्रदान गर्ने।

११. परराष्ट्र मन्त्रालयः स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने मानव अधिकार परिषद्को विश्वव्यापी आवधिक पुनरावलोकनको चौथो चक्रमा २०८२ माघ ५ देखि ९ गतेसम्म सहभागी हुने परराष्ट्र मन्त्रालयका सचिवको नेतृत्वको नेपाली प्रतिनिधिमण्डल गठन गर्ने।

१२. परराष्ट्र मन्त्रालयः २०२५ मार्चको भुकम्पबाट क्षतिग्रस्त म्यानमारको माण्डलेस्थित प्रसिद्ध सांस्कृतिक सम्पदा महामुनी फैया (बौद्ध पगौडा) को अभिलेखालय पुनःनिर्माणको लागि अमेरिकी डलर तीन लाख र गंगाघाट मन्दिरको पुनःनिर्माणको लागि अमेरिकी डलर पचास हजार आर्थिक सहयोग उपलब्ध गराउने।

१३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः जग्गा (नाप जाँच) सम्बन्धी विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने।

१४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः समस्याग्रस्त सहकारी संस्था वा संघको व्यवस्थापन समितिका सदस्य श्री उद्धव प्रसाद तिमल्सेनाको राजीनामा स्वीकृत गर्ने तथा उक्त सदस्य पदमा श्री मधुकर राना, ललितपुरलाई मनोनयन गर्ने।

१५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः सङ्घीय राजधानी शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण नियमावली, २०८२ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१६. युवा तथा खेलकुद मन्त्रालयः फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समितिको कार्यावधि २०८२ कात्तिक २९ गतेदेखि लागु हुने गरी २०८३ असार मसान्तसम्म थप गर्ने।

१७. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका दुईजना महासेनानीहरूको सरुवा गर्ने।

१८. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका दुईजना महासेनानीहरूलाई सहायक रथी दर्जामा बढुवा गर्ने।

१९. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक इन्जिनियरिङ्ग समूह, सिभिल तथा आर्किटेक्चर उपसमूहका महासेनानी अशोक कुमार शाहलाई सोही सेवा, समूह, उपसमूहको सहायक रथी दर्जामा बढुवा गर्ने।

२०. वन तथा वातावरण मन्त्रालयः माथिल्लो संखुवाखोला जलविद्युत आयोजना निर्माणको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

२१. वन तथा वातावरण मन्त्रालयः सुतीखोला जलविद्युत आयोजना निर्माणको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

२२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः विज्ञान प्रविधि तथा नवप्रवर्तन कोष स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

२३. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः श्रम, रोजगार तथा सामाजिक सुरक्षा सचिव, डा. दिपक काफ्लेलाई मोरक्कोको माराकेशमा २०८२ माघ २८ देखि फागुन १ गतेसम्म आयोजना हुने Sixth Global Conference on the Elimination of Child Labour मा सहभागी हुन स्वीकृति प्रदान गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

२४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः स्पेनको म्याड्रिडमा आयोजना हुने अन्तर्राष्ट्रिय पर्यटन मेला FITUR, 2026 मा २०८२ माघ ६ देखि १२ गतेसम्म सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री मुकुन्द प्रसाद निरौलालाई स्वीकृति प्रदान गर्ने।

२५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः दलितको हक अधिकार तथा विकास सम्बन्धी विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने।

२६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः फिक्कल इलाम, सोताङ सोलुखुम्बु, कोल्टी बाजुरा र रामतडी मुगुमा मालपोत कार्यालय तथा नापी कार्यालय स्थापना गर्ने गरी मालपोत कार्यालय र नापी कार्यालयहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

२७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः गोरखापत्र संस्थानको अध्यक्ष पदमा गोविन्द प्रसाद भण्डारी, भक्तपुरलाई तोक्ने।

२८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः २०८२ माघ १९ देखि २४ गतेसम्म स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने 158th session of the Executive Board मा सहभागी हुन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा. विकास देवकोटालाई स्वीकृति प्रदान गर्ने।

२९. अर्थ मन्त्रालयः वित्तीय क्षेत्र विकास रणनीति (२०८२/८३-२०८६/८७) स्वीकृत गर्ने।

३०. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति, २०८२ स्वीकृत गर्ने।

३१. संवत् २०८२ साल माघ ४ गते आइतबारका दिन ११:०० बजे संघीय संसद सचिवालय, सिंहदरबारमा संघीय संसदको राष्ट्रिय सभाको अधिवेशन आह्वान हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

३२. निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृत श्री उद्धव प्रसाद पुडासैनीलाई बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट महान्यायाधिवक्ताको कार्यालयमा सरुवा गर्ने।

३३. कायममुकायम नायब महान्यायाधिवक्ता श्री ध्रुवकुमार चौहानलाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको सचिव पदमा पदस्थापन गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**